# नेपाली
# शिक्षक सेट (क)

## परीक्षणका साधन र शिक्षकका लागि मार्गदर्शन

यस खण्डमा सबै कक्षाका भाषिक विषयक्षेत्रको विस्तृतीकरणका आधारमा प्रश्न विकास गरिएको छ । प्रश्नपत्रका आधारमा शिक्षकका लागि मार्गदर्शन पनि विकास गरिएको छ । यही ढाँचामा रही परीक्षकले परीक्षणका लागि समानान्तर प्रश्न निर्माण र मूल्याङ्कन गर्नुपर्ने छ । कक्षागत परीक्षण सञ्चालनका लागि निर्देशन, सम्भावित उत्तर, समानान्तर प्रश्न निर्माणसम्बन्धी निर्देशन प्रश्नसँगै दिइएको छ ।

***शिक्षकका लागि निर्देशन***

*१. परीक्षण कार्य सुरू गर्नु पहिले हरेक कार्यका लागि निर्धारित परीक्षणका साधन राम्ररी अध्ययन गरी तयारी गर्नुहोस् ।*

*२. बालबालिकासँग नम्र भई मायालु व्यवहार देखाउनुहोस् ।*

*३. सबै बालबालिकाले स्पष्टसँग बुझ्ने गरी निर्देशन दिनुहोस् ।*

*४. प्रत्येक प्रश्नको परीक्षण कार्य क्रमशः सञ्चालन गर्दै जानुहोस् ।*

*५. परीक्षण कार्य सञ्चालन गर्दा बालबालिका निदिष्ट पृष्ठ र प्रश्नमा छन् छैनन् भन्ने कुराको यकिन गर्नुहोस् ।*

*६. वर्ण, शब्द र वाक्य उच्चारण गर्दा बालबालिकालाई आफूतिर हेर्न भन्नुहोस् । यसो गर्दा उच्चारित कुरा सुन्न र बुझ्न सजिलो हुन्छ ।*

# शिक्षक सेट (क)

## कक्षा ३, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले भनेका शब्द सुनेर शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुहोस् :          (४)**

(क)

| | | | |
|---|---|---|---|
| ल | ग | स | म |

(ख)

| | | | |
|---|---|---|---|
| खा | कु | रा | ने |

(ग)

| | | | |
|---|---|---|---|
| चि | त्त | त्र | वृ |

(घ)

| | | | |
|---|---|---|---|
| जो | चाँ | टो | पाँ |

*दिइएका शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् :*

***शिक्षकले सुनाउनुपर्ने शब्द :***

***(क) सलगम (ख) खानेकुरा (ग) वृत्तचित्र (घ) चाँजोपाँजो***

**२. शिक्षकले उच्चारण गरेका शब्दमा ठिक (√) चिह्न लगाउनुहोस् :  (४)**

(क)

| | | | |
|---|---|---|---|
| घर | कल | थर | मल |

(ख)

| | | | |
|---|---|---|---|
| खाता | तिमी | यिनी | छाता |

(ग)

| | | | |
|---|---|---|---|
| नन्द | मक्ख | चम्चा | शब्द |

(घ)

| | | | |
|---|---|---|---|
| ग्राम | क्रम | मर्म | पर्व |

*दिइएका शब्द समूहमध्ये शिक्षकले उच्चारण गरेको शब्द ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले सुनाउनुपर्ने शब्द :***

***(क) थर (ख) तिमी (ग) मक्ख (घ) ग्राम***

**३. शिक्षकले उच्चारण गरेका वाक्य पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| बबिता कविता पढ्छिन् । | |
| बबिता कथा पढ्छिन् । | |
| बबिता निबन्ध पढ्छिन् । | |
| बबिता चिठी पढ्छिन् । | |

(ख)

| | |
|---|---|
| भाइ नाच्न जान्छन् । | |
| बहिनी नाच्न जान्छिन् । | |
| साथी नाच्न जान्छन् । | |
| तिमी नाच्न जान्छौ । | |

(ग)

| | |
|---|---|
| विनोद इलाम घुम्छन् । | |
| विनोद इलाम घुमे । | |

| | |
|---|---|
| विनोद इलाम घुम्ने छन् । | |
| विनोद इलाम घुम्दै छन् । | |

(घ)

| | |
|---|---|
| तिमी साथीलाई बोलाऊ । | |
| तिमी आमालाई बोलाऊ । | |
| तिमी दाइलाई बोलाऊ । | |
| तिमी बुबालाई बोलाऊ । | |

*दिइएका वाक्य समूहमध्ये शिक्षकले उच्चारण गरेका वाक्य ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित वाक्य पहिचान गरी उपयुक्त शब्दमा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले उच्चारण गर्नुपर्ने वाक्य :***

***(क) बबिता कथा पढ्छिन् । (ख) तिमी नाच्न जान्छौ । (ग) विनोद इलाम घुम्छन् । (घ) तिमी दाइलाई बोलाऊ ।***

**४. दिइएका शब्दबाट उस्तै अर्थ दिने शब्द पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् : (२)**

(क) **कन्जुस** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| दानी | लोभी | उदार | मनकारी |

(ख) **पुस्तक** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| किताब | खबर | कलम | समाचारपत्र |

(ग) **पुजारी** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| हिसाब गर्ने व्यक्ति | व्यापार गर्ने व्यक्ति | पूजा गर्ने व्यक्ति | फूल बेच्ने व्यक्ति |

(घ) **मदत** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| सदुपयोग | उपयोग | प्रयोग | सहयोग |

*दिइएका शब्दको उपयुक्त अर्थ कोष्ठकमा दिइएका शब्द समूहबाट पहिचान गरी उपयुक्त अर्थमा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रतिप्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

***(क) लोभी (ख) किताब (ग) पूजा गर्ने व्यक्ति (घ) सहयोग***

**५. दिइएको अनुच्छेदलाई जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

मन्दिरमा फोहोर नगर । यहाँ भगवान्‌को वास रहेको छ । यस स्थानलाई सफासुग्घर गर्नु सबैको दायित्व हो । यो हाम्रो सांस्कृतिक सम्पदा हो ।

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले १७ देखि २० शब्द हुबहु लेखेमा ४ अङ्क, १४ देखि १६ शब्द हुबहु लेखेमा ३ अङ्क, ११ देखि १३ शब्द हुबहु लेखेमा २ र १० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**६. शिक्षकले भनेका शब्द सुनेर लेख्नुहोस् :** (४)

- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका शब्द सुनेर उक्त शब्द लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *विद्यार्थीले सबै शब्द सुनेर शुद्ध लेखेमा प्रतिशब्द १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*
  ***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***
  ***कर, कौसी, कन्या, विद्या***

**७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (३)

मेरो घरनजिकै एउटा बगैँचा छ । बगैँचामा धेरै प्रकारका फूल फुलेका छन् । मेरी बहिनी बगैँचामा घुम्न रमाउँछिन् । म उनलाई बगैँचामा डुलाउन लैजाने गर्छु । त्यहाँ भमराले नाची नाची फूलको

रस चुसेको देखेर उनी रमाउँछिन् । म पनि उनीसँगै रमाउने गर्छु । फूल समातेर फोटो खिच्दा उनी आनन्द मान्छिन् ।

**प्रश्नहरू**

**(क) दिइएका प्रश्नको सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :**

**(अ) बहिनी कहाँ घुम्न मन पराउँछिन् ?**

| | | | |
|---|---|---|---|
| बगैँचा | बजार | करेसाबारी | विद्यालय |

**(आ) फूलमा के नाचिरहेको छ ?**

| | | | |
|---|---|---|---|
| फूल | भमरा | पुतली | बहिनी |

**(ख) बहिनी के गर्दा आनन्द मान्छिन् ?**

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *विद्यार्थीले आफैँ पढेर उत्तर लेख्नुपर्ने भएकाले शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*
- *प्रश्न (क) मा ठिक चिह्न लगाउनुपर्ने छ र प्रश्न (ख) लेख्नुपर्ने छ भनी जानकारी गराउनुहोस् ।*

***सही उत्तर***

***(क) (अ) बगैँचा*** ***(आ) भमरा***

***(ख) बहिनी फूल समातेर फोटो खिच्दा आनन्द मान्छिन् ।***

८. **दिइएका चित्र हेरी चित्रका बारेमा पाँचओटा वाक्य लेख्नुहोस् :** (५)



*विद्यार्थीलाई दिइएको चित्र अध्ययन गर्न लगाउनुहोस् र चित्रका आधारमा ५ ओटा वाक्यमा वर्णन गर्न लगाई भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्यासमेत हेरी फरक फरक वाक्यमा उपयुक्त वर्णन गरिएका प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

# शिक्षक सेट (क)

## कक्षा ४, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले भनेका शब्द सुनेर शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न ललगाउनुहोस् : (४)**

**(क)**

| | | | |
|---|---|---|---|
| **ल** | **प** | **र** | **ब** |

**(ख)**

| | | | |
|---|---|---|---|
| **को** | **लो** | **डो** | **डा** |

**(ग)**

| | | | |
|---|---|---|---|
| **का** | **र्य** | **ह** | **गृ** |

**(घ)**

| | | | |
|---|---|---|---|
| **डाँ** | **काँ** | **टा** | **पा** |

*दिइएका शब्दको अगाडिको वर्ण वा मात्रा पहिचान गरी कोष्ठकमा मिल्दो वर्ण वा मात्रामा ठिक (√) चिह्न ललगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् :*

***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***

***(क) परबल (ख) डोकोडालो (ग) गृहकार्य (घ) डाँडाकाँडा***

**२. शिक्षकले उच्चारण गरेका शब्दमा ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | | | |
|---|---|---|---|
| कलम | मकल | मलम | रहर |

(ख)

| | | | |
|---|---|---|---|
| भिनाजु | मैदान | जुरेली | जुनेली |

(ग)

| | | | |
|---|---|---|---|
| कन्दरा | मन्दिर | पोस्टर | सुन्दर |

(घ)

| | | | |
|---|---|---|---|
| प्रकाश | क्रमशः | विक्रम | सामग्री |

*दिइएका शब्द समूहमध्ये शिक्षकले ठिक उच्चारण गरेको शब्द ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***

***(क) मलम (ख) मैदान (ग) सुन्दर (घ) प्रकाश***

**३. शिक्षकले उच्चारण गरेका वाक्य पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| उनी विद्यालय जान्छन् । | |
| उनी विद्यालय जान्छिन् । | |
| उनी विद्यालय जाने छन् । | |
| उनी विद्यालय गएछन् । | |

(ख)

| | |
|---|---|
| तिमी पसलमा किताब किन । | |
| तिमी पसलमा किताब नकिन । | |
| दाजुको पसलमा किताब छ । | |
| उनीहरू पसलमा किताब किन्ने छन् । | |

(ग)

| | |
|---|---|
| बगैँचामा फूल छ । | |
| बगैँचामा पुतली छ । | |
| बगैँचामा फूल फुलेनछ । | |
| बगैँचामा फूल फुल्ने छ । | |

(घ)

| | |
|---|---|
| आकाशमा बादल लाग्थ्यो । | |
| आकाशमा बादल लाग्ने छ । | |
| आकाशमा बादल लागेछ । | |
| आकाशमा बादल लाग्यो । | |

*दिइएका वाक्य समूहमध्ये शिक्षकले ठिक उच्चारण गरेका तलका वाक्य ध्यानपूर्वक सुन्नुपर्ने र उच्चारित शब्द पहिचान गरी उपयुक्त शब्दमा ठिक (√) चिह्न लगाउनुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(क) उनी विद्यालय जान्छिन् ।***

***(ख) उनीहरू पसलमा किताब किन्ने छन् ।***

***(ग) बगैँचामा फूल फुलेनछ ।***

***(घ) आकाशमा बादल लाग्थ्यो ।***

**४. दिइएका शब्दबाट उस्तै अर्थ दिने शब्द पहिचान गरी ठिक (√) चिह्न लगाउनुहोस् :** २

(क) **छाया** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| प्रकाश | ओझेल | घाम | बादल |

(ख) **विशाल** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| अग्लो | सानो | ठुलो | होचो |

(ग) **महान्** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| उच्च | खराब | कमजोर | कमसल |

(घ) **मित्र** शब्दको अर्थ के हो ?

| | | | |
|---|---|---|---|
| भित्र | शत्रु | साथी | दुस्मन |

**५. दिइएका अनुच्छेदलाई जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

"स्याबास बाबु ! तिमीले धेरै राम्रो काम गर्‍यौ" बुबाले भन्नुभयो । बुबाको कुरा सुनेर मैले खुसी हुँदै भनेँ, "हजुरको प्रेरणाले हो ।" परिवारका सदस्यले मलाई अँगालो हालेर बस्नुभयो । विद्यालयबाट ल्याएको पुरस्कार मैले देखाएँ ।

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले २६ देखि ३० शब्द हुबहु लेखेमा ४ अङ्क, २१ देखि २५ शब्द हुबहु लेखेमा ३ अङ्क, १६ देखि २० शब्द हुबहु लेखेमा २ र १५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**६. शिक्षकले भनेका शब्द सुनेर लेख्नुहोस् :** (४)

- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका शब्द सुनेर उक्त शब्द लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *विद्यार्थीले सबै शब्द सुनेर शुद्ध लेखेमा प्रतिशब्द १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

***शिक्षकले उच्चारण गर्नुपर्ने शब्द :***

***करण    चौतारो    जङ्गल    शुद्धता***

**७. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (३)**

आजकलका बालबालिका बजारमा पाइने चाउचाउ, कुरकुरे, बिस्कुट आदि मन पराउँछन् । विद्यालयमा खाजा खुवाइने भए पनि कतिपय अभिभावकले आफ्ना छोराछोरीलाई पैसा दिएर पठाउने गरेका छन् । बजारका तयारी खानेकुरा निषेध गर्न केही विद्यालयले बेवास्ता गरेको पाइन्छ । बाहिरका खानेकुरा स्वादिला भए पनि स्वास्थ्यका दृष्टिकोणले हानिकारक हुन सक्छन् । त्यसैले घर तथा विद्यालयमा आफैँले बनाएका पोषणयुक्त तथा स्वस्थ खानेकुरा खाने गर्नुपर्छ ।

**(क) दिइएका प्रश्नको सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् :**

**(अ) केटाकेटी कस्ता खानेकुरा मन पराउँछन् ?**

| | | | |
|---|---|---|---|
| घरमा पकाइएका | साथीले ल्याएका | बजारमा पाइने | बटुवाले दिएका |

**(आ) बाहिरका खानेकुरा केका लागि हानिकारक हुन सक्छन् ?**

| | | | |
|---|---|---|---|
| परिवारका लागि | स्वास्थ्यका लागि | विद्यालयका लागि | समाजका लागि |

**(ख) विद्यालयले के कुरामा बेवास्ता गरेको पाइन्छ ?**

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुवै नपढिदिनुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*
- *प्रश्न (क) मा ठिक चिह्न लगाउनुपर्ने छ र प्रश्न (ख) लेख्नुपर्ने छ भनी जानकारी गराउनुहोस् ।*

***सही उत्तर***

***(क) (अ) बजारमा पाइने*** ***(आ) स्वास्थ्यका लागि***

***(ख) विद्यालयले बजारका तयारी खानेकुरा निषेध गर्न बेवास्ता गरेको पाइन्छ ।***

८. **दिइएका चित्र हेरी चित्रका बारेमा पाँचओटा वाक्य लेख्नुहोस् :** (५)



*विद्यार्थीलाई दिइएको चित्र अध्ययन गर्न लगाउनुहोस् र चित्रका आधारमा ५ ओटा वाक्यमा वर्णन गर्न लगाई भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत हेरी फरक फरक वाक्यमा उपयुक्त वर्णन गरिएका प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

# शिक्षक सेट (क)

## कक्षा ५, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. शिक्षकले उच्चारण गरेको वाक्य पहिचान गरी ठिक (✓) चिह्न लगाउनुहोस् :** (४)

**(क)**

| | |
|---|---|
| परेवा आँगनमा सधैँ आउँछ । | |
| भाइले दिनदिनै परेवालाई मकै दिन्छ । | |
| परेवाले रमाइ रमाइ मकै खान्छ । | |
| परेवा मकै खाएर उड्छ | |

**(ख)**

| | |
|---|---|
| सन्तुले आँखा देख्न सक्दैनथ्यो । | |
| सन्तु लट्ठीको सहायताले हिँड्थ्यो । | |
| सन्तु अत्यन्तै मिलनसार थियो । | |
| सन्तु सहयोगी भावनाको थियो । | |

**(ग)**

| | |
|---|---|
| आज रामविनयले नाच देखायो । | |
| गीत रामविनयकी बहिनीको थियो । | |
| रामविनयकी बहिनी दाजुको नाच देखेर रमाइन् । | |
| बहिनी रमाएको देखेर रामविनय खुसी भए । | |

**(घ)**

| | |
|---|---|
| म चित्रकलामा प्रथम भएँ । | |
| म चित्रकलामा प्रथम हुन्छु । | |
| म चित्रकलामा प्रथम भएको छु । | |
| म चित्रकलामा प्रथम हुने छु । | |

*१.विद्यार्थीहरूलाई प्रश्न १ मा ध्यान दिन लगाउनुहोस् ।*

*२.विद्यार्थीलाई यस कार्यका प्रश्नहरू वाक्य पहिचानसम्बन्धी रहेका र आफूले भनेका हरेक वाक्य पहिचान गरेर सही उत्तरमा ठिक चिनो लगाउनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३.शिक्षकले प्रश्न **'क'** मा रहेको **'परेवा आँगनमा सधैँ आउँछ ।'** वाक्य वाचन गर्नुहोस् ।*

*४. प्रश्नमा दिइएको बाकसमा भएको सही उत्तरमा ठिक (✓) चिह्न लगाउन निर्देश गर्नुहोस् ।*

*५.पहिलो प्रश्न सकिएपछि अन्य प्रश्नमा पनि यही प्रक्रिया दोहोऱ्याउनुहोस् ।*

*६. हरेक प्रश्नमा रहेका वाक्यलाई केही सेकेन्डको अन्तरालमा २ पटक पढिदिनुहोस् ।*

*७. प्रश्न 'ख', 'ग' र 'घ' मा निम्न वाक्य वाचन गरी सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् र सही वाक्य पहिचान गरी चिह्न लगाएमा प्रति वाक्य १ अङ्कका दरले ४ अङ्क दिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

***(ख) सन्तु अत्यन्तै मिलनसार थियो ।***

***(ग) बहिनी रमाएको देखेर रामविनय खुसी भए ।***

***(घ) म चित्रकलामा प्रथम हुन्छु ।***

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् : (२)**

| | | | |
|---|---|---|---|
| **रुख** | **सधैँ** | **भलाइ** | **काम** |

| **शब्द** | **अर्थ** |
|---|---|
| (क) उपकार | ........................................ |
| (ख) निरन्तर | ........................................ |
| (ग) वृक्ष | ........................................ |
| (घ) कर्म | ........................................ |

*१. निर्दिष्ट शब्दको अर्थ तालिकामा दिइएको र उक्त तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउनुहोस् ।*

*२. दिइएका शब्द र अर्थ मिलाएर लेखे नलेखेको परीक्षण गर्नुहोस् र प्रत्येक शब्द र अर्थको सही जोडा मिलाएको अवस्थामा ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

*(क)* ***उपकारी : भलाइ***

*(ख)* ***निरन्तर : सधैँ***

*(ग)* ***वृक्ष : रुख***

*(ग)* ***कर्म : काम***

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

मेरो विद्यालयमा पुस्तकालय छ । म त्यहाँ दिनहुँजसो जाने गर्छु । मेरा साथीभाइ पनि पुस्तक पढ्न मन पराउँछन् । म पत्रपत्रिकालगायतका सामग्री पढ्छु । विद्यालयमा कम्प्युटर प्रयोगशाला पनि छ । त्यहाँ इन्टरनेट जोडिएको छ । बालकथा र बालकविता अनलाइनबाट पढ्न पाइन्छ । म ती सामग्री पढेर रमाउँछु ।

*१. विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ३४ देखि ४० शब्द हुबहु लेखेमा ४ अङ्क, २८ देखि ३३ शब्द हुबहु लेखेमा ३ अङ्क, २१ देखि २७ शब्द हुबहु लेखेमा २ र २० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।** (४)

*१. विद्यार्थीलाई प्रश्न ४ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. शिक्षकले वाक्य पढेर सुनाउनुहोस् ।*

*४. हरेक वाक्यलाई केही समयको अन्तरालमा २ पटक पढिदिनुहोस् ।*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य निम्न छन् :***

***(क) रेडियोबाट गीत सुन्छु किनकि मलाई नाच्न मन लाग्छ ।***

***(ख) मेरो साथी भकुन्डो खेल्न पाउँदा रमाउँछ ।***

***(ग) बहिनी जन्मदिनमा केक काट्छिन् ।***

***(घ) हामी बजार गएर सामान किन्छौँ अनि घर फर्कन्छौँ ।***

*५. विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

चउरमा रातु गाई चरिरहेको थियो । उसको बाच्छो पनि सँगै थियो । बाच्छो रमाई रमाई आमाको वरिपरि उफ्रने गर्थ्यो । एक दिन बाच्छो बिरामी पर्‍यो । गाईले बाच्छाको चिन्ताले घाँस खान छाड्यो । बाच्छाको अवस्था देखेर मेरी बहिनीले पशुको डाक्टर बोलाइन् । डाक्टरले औषधी गरेपछि बाच्छो ठिक भयो । बाच्छो ठिक भएकाले बहिनी रमाइन् । मेरी बहिनीको बुद्धि देखेर म खुसी भएँ ।

**प्रश्न**

(क) गाईको नाम के थियो ?

(ख) बहिनी किन रमाइन् ?

(ग) बाच्छोलाई कसरी ठिक पारियो ?

*१. विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रस्तुत प्रश्न पठनबोधको भएको र विद्यार्थीले अनुच्छेद आफैँ पढेर दिइएका प्रश्नको उत्तर दिनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् ।*

*४. अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् ।*

*५. शिक्षकले अनुच्छेद र प्रश्न दुवै नपढिदिनुहोस् ।*

*६. भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*

*७. विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***प्रश्नको सही उत्तर :***

*(क) गाईको नाम रातु थियो । (ख) बाच्छो ठिक भएकाले बहिनी रमाइन् ।*

*(ग) बाच्छोलाई औषधी गरेर ठिक पारियो ।*

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



*१. विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. चित्रमा भएका सूचनालाई ध्यान दिई ५ वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*

*३. निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**७. दिइएको शुभकामना सन्देश पढ्नुहोस् र तपाईंले मनाउने कुनै चाडपर्वका अवसरमा आफ्नो साथीलाई दिइने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् । (३)**

हार्दिक शुभकामना !

तिजको शुभ अवसरमा देशविदेशमा रहनुभएका सबै नेपालीमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

अनन्त परियार<br>
अध्यक्ष<br>
सुन्दरबस्ती टोल सुधार समिति

*१. विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. दिइएको शुभकामना पत्रको नमुना ध्यानपूर्वक पढी प्रश्नले निर्देश गरेबमोजिमको शुभकामना रचना गर्न लगाउनुहोस् ।*

*३.नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**८. खाली ठाउँ भरी कथा पूरा गर्नुहोस् र शीर्षक पनि दिनुहोस् : (५)**

एउटा गाउँमा जादुगर हुनु ...। उसले एउटा सर्प पक्रिनु ...। सर्पलाई बाँसको ढुङ्ग्रामा बन्द गर्नु ...। एक दिन मुसो जादुगरको घरभित्र पस्नु ...। मुसो भोकाएको हुनु ...। मुसाले खानेकुरा खाज्नु ...। मुसाले सर्प राखेको ढुङ्ग्रो भेट्टाउनु ...। मुसाले ढुङ्ग्राको मुख पत्ता लगाउनु ...। मुसो ढुङ्ग्रोभित्र पस्नु ...। सर्पले मुसालाई भेट्टाउनु ...। सर्पले मुसालाई एकै गाँस बनाउनु ...। मुसो खान पाएर सर्प मक्ख पर्नु ...। सर्प ढुङ्ग्रोबाट बाहिर निस्कनु ...। सर्पले जादुगरलाई डसेर मार्नु ...। विषालु प्राणीलाई जिस्क्याउन र बन्द गर्न नहुने सन्देश ।

*१. विद्यार्थीलाई प्रश्न ८ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदालाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेखी शीर्षक दिन लगाउनुहोस् ।*

*४. दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ५ अङ्क दिनुहोस् ।*

# शिक्षक सेट (क)

## कक्षा ६, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शनसहित

**१. शिक्षकले भनेको वाक्य सुनेर ठिक (✓) चिह्न लगाउनुहोस् : (४)**

(क)

| | |
|---|---|
| म सगरमाथा चढेँ । | |
| तँ सगरमाथा चढिस् । | |
| ऊ सगरमाथा चढ्यो । | |
| उनीहरू सगरमाथा चढे । | |

(ख)

| | |
|---|---|
| समिता बनेपा जाँदै छिन । | |
| समिता धनुषा जाँदै छिन् । | |
| समिता विराटनगर जाँदै हुने छिन् । | |
| समिता धनगढी जाँदै हुने छिन् । | |

(ग)

| | |
|---|---|
| किरण अङ्गुर टिपेर डालामा राख्छन् । | |
| किरणले आरु टिपेर डालामा राखे । | |
| किरणले आँप टिपेर डालामा राखेछन् । | |
| किरण अम्बा टिपेर डालामा राख्दै छन् । | |

(घ)

| | |
|---|---|
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुन्छ । | |
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुने छ । | |
| गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहोला । | |
| गुरुआमाले नेपालीको पाठ पढाउनुभयो । | |

- *विद्यार्थीलाई प्रश्न १ मा ध्यान दिन लगाउनुहोस् ।*
- *विद्यार्थीलाई यस कार्यका प्रश्न वाक्य पहिचानसम्बन्धी रहेका र आफूले भनेका हरेक वाक्य पहिचान गरेर सही उत्तरमा ठिक चिनो लगाउनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*
- *शिक्षकले प्रश्न 'क' मा रहेको **'ऊ सगरमाथा चढ्यो ।'** वाक्य वाचन गर्नुहोस् ।*
- *प्रश्नमा दिइएको बाकसमा भएको सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् ।*
- *पहिलो प्रश्न सकिएपछि अन्य प्रश्नमा पनि यही प्रक्रिया दोहोऱ्याउनुहोस् ।*
- *हरेक प्रश्नमा रहेका वाक्यलाई केही सेकेन्डको अन्तरालमा २ पटक पढिदिनुहोस् ।*
- *प्रश्न 'ख', 'ग' र 'घ' मा निम्न वाक्य वाचन गरी सही उत्तरमा ठिक चिनो लगाउन निर्देश गर्नुहोस् र सही वाक्य पहिचान गरी चिह्न लगाएमा प्रति वाक्य १ अङ्कका दरले ४ अङ्क दिनुहोस् :*

***शिक्षकले वाचन गर्नुपर्ने वाक्य***

***(ख) समिता धनुषा जाँदै छिन् ।***

***(ग) किरण अम्बा टिपेर डालामा राख्दै छन् ।***

***(घ) गुरुआमाले नेपालीको पाठ पढाउँदै हुनुहुन्छ ।***

**२. दिइएका शब्दको उस्तै अर्थ दिने शब्द तालिकाबाट पहिचान गरी लेख्नुहोस् : (२)**

**हैरान, अचानक, घुमफिर, आत्तिएको**

| **शब्द** | **अर्थ** |
| --- | --- |
| (क) भ्रमण | ........................................... |
| (ख) आकुलव्याकुल | ........................................... |
| (ग) अकस्मात् | ........................................... |
| (घ) दिक्दार | ........................................... |

- *निर्दिष्ट शब्दको अर्थ तालिकामा दिइएको र उक्त तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउनुहोस् ।*
- *दिइएका शब्द र अर्थ मिलाएर लेखे नलेखेको परीक्षण गर्नुहोस् र प्रत्येक शब्द र अर्थको सही जोडा मिलाएको अवस्थामा ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

  ***सही उत्तर***
  ***(क) भ्रमण : घुमफिर***
  ***(ख) आकुलव्याकुल : आत्तिएको***
  ***(ग) अकस्मात् : अचानक***
  ***(घ) दिक्दार : हैरान***

**३. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

मेरो नाम प्रतिज्ञा हो । म बिहान चाडै उठ्छु । आफ्नो ओछ्यान मिलाउँछु । म हातमुख धोएपछि आमाबुबालाई अभिवादन गर्छु । म आफैँ चियाखाजा पकाउँछु । घरका सबै सदस्यलाई दिन्छु र आफू पनि खान्छु । म केही समय पढ्छु । खाना खाएपछि आफूले खाएका भाँडा आफैँ माझ्छु । म आफैँ विद्यालय जान्छु । म विद्यालय पुग्नेबित्तिकै गुरुगुरुआमालाई नमस्कार गर्छु ।

*१. विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ४३ देखि ५० शब्द हुबहु लेखेमा ४ अङ्क, ३४ देखि ४२ शब्द हुबहु लेखेमा ३ अङ्क, २६ देखि ३३ शब्द हुबहु लेखेमा २ र २५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**४. शिक्षकले भनेका वाक्यलाई ध्यान दिएर सुन्नुहोस् र लेख्नुहोस् ।** (४)

- *विद्यार्थीलाई प्रश्न ४ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*
- *शिक्षकले निर्दिष्ट वाक्य पढेर सुनाइदिनुहोस् ।*
- *हरेक वाक्यलाई केही समयको अन्तरालमा २ पटक पढिदिनुहोस् ।*
- ***शिक्षकले सुनाउनुपर्ने वाक्य***

  ***(क) नदीपारि वन्यजन्तु बस्थे किनकि त्यहाँ घना जङ्गल थियो ।***

  ***(ख) त्यस जङ्गलमा एउटा सिमलको रुख थियो ।***

  ***(ग) रुखको फेदमा एक जना ऋषि थिए जो त्यस ठाउँमा तपस्या गर्थे ।***

  ***(घ) ऋषिले हातमा बन्दुक बोकेर आइरहेको सिकारीलाई त्यहीँ रोके ।***

- *विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** (३)

सूचना र सञ्चारका विभिन्न साधन छन् । तीमध्ये एउटा भरपर्दो साधन पत्रपत्रिका हो । यसबाट जानकारी, सूचना वा सन्देश एकअर्कासम्म पुऱ्याइन्छ । पत्रपत्रिकामा विज्ञान, शिक्षा, खेलकुद, स्वास्थ्य आदि विषयवस्तु समावेश गरिएका हुन्छन् । यसले हाम्रो खुल्दुली मेटाउँछ । समाचारपत्रले समाजमा राम्रा काम गर्न चेतना जगाउने र सत्यतथ्य जानकारी दिने हुनाले नियमित पढ्नुपर्छ ।

यसले राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउने काम गर्छन् । त्यसैले हरेक सञ्चार माध्यमले व्यक्तिभन्दा समाज ठुलो र समाजभन्दा राष्ट्र ठुलो हो भन्ने ज्ञान दिन सक्नुपर्छ ।

**प्रश्नहरू**

(क) पत्रपत्रिकामा के के कुरा समावेश गर्न सकिन्छ ?

(ख) पत्रपत्रिका किन पढ्नुपर्छ ?

(ग) पत्रपत्रिका कसरी भरपर्दो साधन हुन सक्छ ?

- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *प्रस्तुत प्रश्न पठनबोधको भएको र विद्यार्थीले अनुच्छेद आफैँ पढेर दिइएका प्रश्नको उत्तर दिनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् ।*
- *अनुच्छेद पढिसकेको निश्चित गरी प्रश्नको उत्तर दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुवै नपढिदिनुहोस् ।*
- *भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***माथिका प्रश्नको उत्तर :***

*(क) पत्रपत्रिकामा विज्ञान, शिक्षा, खेलकुद, स्वास्थ्य आदि विषयवस्तु समावेश गर्न सकिन्छ ।*

*(ख) पत्रपत्रिकाले विभिन्न विषयको ज्ञान तथा सत्यतथ्यको जानकारी दिने हुनाले नियमित पढ्नुपर्छ ।*

*(ग) पत्रपत्रिकाले जानकारी, सूचना वा सन्देश एकअर्कासम्म पुऱ्याउने हुनाले यो भरपर्दो साधन हो ।*

**६. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ६ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई ५ वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*
- *निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्य गठन र वर्णविन्याससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**७. दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् र तपाईंको विद्यालयले मनाउने वार्षिक उत्सवका अवसरमा अतिथिलाई प्रदान गरिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् : (३)**

श्री मङ्गलादेवी माध्यमिक विद्यालय

नेत्रावती डबजोङ गाउँपालिका १, धादिङ

**हार्दिक निमन्त्रणा**

श्री गायत्री इटनीज्यू

नेत्रावती डबजोङ गाउँपालिका १ धादिङ ।

यस विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकाले अतिथिका रूपमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।

मिति : २०८० जेठ ६ गते शनिबार

समय : दिनको ११ बजे

स्थान : विद्यालय प्राङ्गण

प्रार्थी

प्रधानाध्यापक

तथा समस्त विद्यालय परिवार

- *विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*
- *दिइएको निमन्त्रणा पत्रको नमुना ध्यानपूर्वक पढी प्रश्नले निर्देश गरेबमोजिमको निमन्त्रणा पत्र रचना गर्न लगाउनुहोस् ।*
- *नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**८. 'परीक्षाको तयारी' शीर्षकमा दुई जना साथीबिच भएको तलको कुराकानी पूरा गर्नुहोस् : (५)**

**विनीता :** ओहो ! विनय तिमी त पढिरहेको पो ?

**विनय :** ए ! विनीता तिमी ? अँ, परीक्षा आउन लाग्यो नि त ! त्यसैले तयारी गर्दै छु ।

अनि तिमी कताबाट आयौ ?

**विनीता :** ..........................................................................

**विनय :** परीक्षा आएको समयमा यसरी मामाघर जान त भएन नि ! केही विशेष काम थियो र ?

**विनीता :** ..........................................................................

**विनय :** ए ! अनि कस्तो छ त अहिले माइजूलाई ?

**विनीता** : ............................................. । बरु तिम्रो पढाइ कस्तो चल्दै छ त ?

**विनय** : ..........................................................................

**विनीता** : परीक्षा नजिक आइसक्यो । खास तयारी गर्न पनि पाएकी छैन ।

**विनय** : ..........................................................................

**विनीता** : म त पढ्न तिम्रै घरमा आउँछु है । अहिले मेरो घरमा कोही नभएकाले एक्लै पढ्न पनि मन लाग्दैन ।

**विनय** : ..........................................................................

**विनीता** : हुन्छ, विनय । म भोलि कति बजे आउँ त ?

**विनय** : ..........................................................................

**विनीता :** म खाजा खाएर किताब कापी पनि लिएर आउछु ।

**विनय :** ..........................................................................

**विनीता** : हुन्छ विनय । हामी एकआपसमा छलफल गरेर पढौँला नि ।

**विनय** : ..........................................................................

**विनीता :** अहिले छुटौँ । म भोलि आउँछु अनि परीक्षाको तयारी राम्ररी गरौँला नि ।

**विनय** : ..........................................................................

- *विद्यार्थीलाई प्रश्नमा दिइएका बुँदा राम्रोसँग अध्ययन गर्न लगाउनुहोस् ।*
- *दिइएका बुँदालाई आधार मानेर दुई जनाबिचको कुराकानीको वातावरण बनाउनुपर्ने कुरा बताउनुहोस् ।*
- *खाली ठाउँमा उपयुक्त कुराकानी राखी संवाद तयार पार्न निर्देश गर्नुहोस् ।*
- *विद्यार्थीले खाली ठाउँमा सन्दर्भअनुसारको उपयुक्त कुराकानी भरी संवाद पूरा गरे नगरेको पहिचान गरी परीक्षण गर्नुहोस् ।*
- *दिइएको संवादको १० ओटा खाली ठाउँमा वर्णविन्यास मिलाएर सन्दर्भअनुसार संवाद रचना गरेमा ५ अङ्क दिनुहोस् ।*

**समाप्त**

# शिक्षक सेट (क)

## कक्षा ७, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. दिइएका अर्थसँग मिल्ने शब्द तालिकाबाट पहिचान गरी खाली ठाउँमा लेख्नुहोस् :** (२)

| |
|---|
| पछुतो, आविष्कार, असह्य, घलेक |

(क) सहन नसकिने ....................

(ख) कुनै कामका बारेमा पछि हुने पश्चात्ताप ....................

(ग) नयाँ सिद्धान्तको प्रतिपादन .....................

(घ) गुरुङ, घले महिलाको आफ्नो पहिचानको पहिरन .....................

*दिइएका अर्थ जनाउने पदावलीको उपयुक्त अर्थ कोष्ठकबाट पहिचान गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

| | |
|---|---|
| ***(क) सहन नसकिने*** | ***असह्य*** |
| ***(ख) कुनै कामका बारेमा पछि हुने पश्चाताप*** | ***पछुतो*** |
| ***(ग) नयाँ सिद्धान्तको प्रतिपादन*** | ***आविष्कार*** |
| ***(घ) गुरुङ, घले महिलाको आफ्नो पहिचानको पहिरन*** | ***घलेक*** |

**२. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

हाम्रो देशको राजधानीलाई मन्दिरै मन्दिरको सहर भनिन्छ। यसबाट हाम्रो देश सांस्कृतिक सम्पदाको धनी छ भन्ने कुरा प्रष्ट हुन्छ। हिन्दुहरूको पवित्र मन्दिर पशुपतिनाथ पनि यहीँ छ। क्रिस्चियनहरूको गिर्जाघर पनि यहीँ छ। मुस्लिमहरूको मस्जिद पनि यहीँ छ। बौद्धहरूको गुम्बा पनि यहीँ छ। यी हरेक कुराले हाम्रो प्रशासनिक राजधानीलाई संस्कृतिको राजधानी पनि भन्न सकिन्छ। सांस्कृतिक विविधतामा एकता हाम्रो देशको प्रमुख पहिचान पनि हो।

*१. विद्यार्थीलाई प्रश्न २ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ५१ देखि ६० शब्द हुबहु लेखेमा ४ अङ्क, ४१ देखि ५० शब्द हुबहु लेखेमा ३ अङ्क, ३१ देखि ४० शब्द हुबहु लेखेमा २ र ३० ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**३. शिक्षकले भनेका वाक्य सुनेर लेख्नुहोस् : (४)**

- *विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *दिइएका वाक्य २ पटकसम्म पढिदिनुहोस् र सुनेर लेख्न लगाउनुहोस् ।*
  ***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***
  ***१. मानिसले कुनै ठाउँको अवलोकन गर्नु भ्रमण हो ।***
  ***२. भ्रमण गरेर प्राप्त गरेको ज्ञान स्थायी प्रकृतिको हुन्छ ।***
  ***३. भ्रमणले मानिसलाई ज्ञान दिन्छ र उसले नयाँ नयाँ कुरा सिक्छ ।***
  ***४. मस्तिष्क तथा शरीर स्वस्थ राख्न भ्रमण गर्नु उपयुक्त हुन्छ ।***
- *विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**४. दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भूपरिवेष्टित देश हो । यहाँ सयौँ जातजाति र भाषाभाषीका मानिसको बसोबास रहेको छ । पूर्वदेखि पश्चिमसम्मै फैलिएका ब्राह्मण र छेत्रीहरू दसैँतिहारलगायत विभिन्न पर्व मनाउँछन् । संस्कार र संस्कृतिका धनी उनीहरू मूलतः नेपाली भाषा बोल्छन् तर पश्चिमतिर भने डोटेली, दार्चुलेली, अछामी आदि भाषा पनि बोल्छन् । पूर्वका किराँतीहरू धान नाच, च्याब्रुङ नाच र साकेलामा रमाउँछन् । किराँतीहरूमध्ये पनि लिम्बुहरू लिम्बु भाषा बोल्छन् भने राईहरू बान्तवा, चाम्लिङ, लोहोरुङलगायत राई किराँती भाषाहरू बोल्छन् ।

**प्रश्नहरू**

(क) दसैँतिहार पर्व कसले मनाउँछन् ?

(ख) नेपाल किन सुन्दर छ ?

(ग) नेपालका कुनै दुईओटा विशेषता उल्लेख गर्नुहोस् ।

- *विद्यार्थीलाई प्रश्न न. ४ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएको प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*

- *शिक्षकले अनुच्छेद र प्रश्न दुवै नपढिदिनुहोस् ।*
- *भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गर्नुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*
  ***माथिका प्रश्नका उत्तर :***

*(क) पूर्वदेखि पश्चिमसम्म फैलिएका ब्राह्मण र छेत्रीहरू दसैँतिहार पर्व मनाउँछन् ।*

*(ख) नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण भएकाले सुन्दर छ ।*

*(ग) नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र प्राकृतिक रूपमा सुन्दर देश हो । (यीमध्ये कुनै २ विशेषता लेखेमा)*

**५. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई ५ वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*
- *निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्यासससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**६. दिइएको निमन्त्रणापत्र अध्ययन गरी तपाईंको विद्यालयको वार्षिक उत्सवको उपलक्ष्यमा अभिभावकलाई प्रदान गरिने निमन्त्रणापत्रको नमुना तयार गर्नुहोस् : (३)**

**सादर निमन्त्रणा**

श्री ..................................................................ज्यू,

जागरण युवा क्लब, नेपालगन्जले दसौं वार्षिकोत्सवका अवसरमा क्लबको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वलाई सम्मान कार्यक्रम आयोजना गरेको हुँदा निम्न मिति, समय र स्थानमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछु ।

**कार्यक्रम :**

मिति : २०८१/०९/२५

समय : बिहान १०: ३० बजे

स्थान : जनता पार्टी प्यालेस, नेपालगन्ज चोक, बाँके ।

**प्रार्थी**

अध्यक्ष

जागरण युवा क्लब, नेपालगन्ज, बाँके

*१. दिइएको निमन्त्रणापत्र अध्ययन गर्न लगाउनुहोस् ।*

*२. प्रश्नले निर्देश गरेबमोजिम दिइएको निमन्त्रणापत्रका आधारमा विद्यार्थीलाई आफ्नो विद्यालयको वार्षिक उत्सवका उपलक्ष्यमा अभिभावकलाई प्रदान गरिने निमन्त्रणापत्रको नमुना तयार लगाउनुहोस् ।*

*३.नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**७. दिइएका बुँदाका आधारमा एउटा कथा लेख्नुहोस् र शीर्षक पनि दिनुहोस् : (४)**

सहरमा एक प्रतिष्ठित व्यापारी हुनु...। बिहे गरेको धेरै समयसम्म सन्तान नहुनु...। टेस्टट्युब प्रविधिबाट एउटा छोरो जन्मिनु...। अत्यन्तै माया गरेर छोरो हुर्काउनु...। छोरालाई केही कुराको अभाव हुन नदिनु ...। जति पैसा मागे पनि दिनु.....छोरो साथीहरूसँग मात्र रमाउनु...। साथीहरूका बारेमा परिवारले चासो नदिनु ...। ऊ कुलतमा फस्नु...। लागुपदार्थ सेवन गर्नु...। प्रहरीले समात्नु...। आमाबुबा चिन्तित हुनु...। छोरो घर नआउनु...। छोरो खोजिदिन प्रहरीलाई आग्रह गर्नु...। प्रहरीले छोरो समातिएको जानकारी दिनु...। बाआमा छाँगाबाट खसे जस्तै हुनु...। छोरालाई समय दिन नसकेकामा पछुतो मान्नु...। छोराको रेखदेख गर्ने बाचा गर्नु...। घर फर्कनु ।

*१. विद्यार्थीलाई प्रश्न ७ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. यो प्रश्न निर्देशित लेखनको भएको र विद्यार्थीले बुँदालाई आधार बनाएर आफैँ कथा लेख्नुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।*

*३. प्रश्नमा भएका बुँदालाई मनन गर्न लगाउनुहोस् र कथा लेखी शीर्षक दिन लगाउनुहोस् ।*

*४. दिइएका बुँदाका आधारमा कथाको संरचनामा रही वर्णविन्यास मिलाएर कथा रचना गरेमा ४ अङ्क दिनुहोस् ।*

**८. 'स्वस्थ जीवनका लागि योगको महत्त्व' शीर्षकमा १०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । (५)**

- *विद्यार्थीलाई प्रश्नमा दिइएको शीर्षक अध्ययन गर्न लगाउनुहोस् र विषयवस्तुमा आधारित रहेर निबन्ध लेख्नुपर्ने कुरा बताउनुहोस् ।*
- *निबन्ध कम्तीमा १०० शब्दको हुनुपर्ने सम्बन्धमा जानकारी दिनुहोस् ।*
- *निबन्ध विषयवस्तुमा केन्द्रित हुनुपर्ने कुरा बुझाउनुहोस् ।*
- *निबन्ध सफा र शुद्धसँग लेख्न लगाउनुहोस् ।*
- *निबन्धको संरचना, भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गरी ५ अङ्क दिनुहोस् ।*

**समाप्त**

# शिक्षक सेट (क)

## कक्षा ८, नेपाली, परीक्षण साधन र शिक्षकका लागि मार्गदर्शन

**१. दिइएका अर्थसँग मिल्ने शब्द तालिकाबाट पहिचान गरी खाली ठाउँमा लेख्नुहोस् :** (२)

पत्रिका, आशीर्वाद, मिहिनेत, लहरो

(क) लता ........................................

(ख) श्रम ........................................

(ग) अखबार ........................................

(घ) आसिक ........................................

*दिइएका अर्थ जनाउने शब्दका उपयुक्त अर्थ कोष्ठकबाट पहिचान गरी लेख्नुपर्ने कुरा जानकारी गराउनुहोस् । विद्यार्थीले सबै प्रश्नको उत्तर निम्नानुसार मिलाएमा प्रति प्रश्न ०.५ अङ्कका दरले जम्मा २ अङ्क दिनुहोस् ।*

***सही उत्तर :***

| | |
|---|---|
| ***(क) लता*** | ***लहरो*** |
| ***(ख) श्रम*** | ***मिहिनेत*** |
| ***(ग) अखबार*** | ***पत्रिका*** |
| ***(घ) आसिक*** | ***आशीर्वाद*** |

**२. दिइएको अनुच्छेद जस्ताको त्यस्तै सार्नुहोस् :** (४)

जङ्गल विनाशका कारण सुक्खा खडेरीलगायत अनेकौं समस्या देखिन थालेका छन् । विश्वव्यापी रूपमा तापक्रम बढ्दै गएको छ । पानीका स्रोत सुक्न थालेका छन् भने वन्यजन्तुको विनाश भइरहेको छ। उद्योगबाट निस्कने विषालु ग्याँसले वातावरण हानिकारक भइरहेको छ। वातावरणको ओजन तह पातलो हुँदै गएको छ । सूर्यका हानिकारक किरण प्रत्यक्ष रूपमा पृथ्वीमा आइरहेका छन् । वनस्पति र जीव लोप हुने, प्राकृतिक विपत्ति आउने, अम्ल वर्षा हुने अवस्था बढेको छ । तसर्थ हामीले वातावरण संरक्षणमा ध्यान दिनुपर्छ ।

*१. विद्यार्थीलाई प्रश्न २ मा ध्यान दिन लगाउनुहोस् ।*

*२. प्रश्नमा भएको अनुच्छेदलाई हुबहु सार्नुपर्ने कुरा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।*

*३. अनुलेखन गर्दा वर्णविन्यास मिलाएर लेखे नलेखेको हेक्का राखी परीक्षण गर्नुहोस् ।*

*४. विद्यार्थीले ५९ देखि ७० शब्द हुबहु लेखेमा ४ अङ्क, ४७ देखि ५८ शब्द हुबहु लेखेमा ३ अङ्क, ३६ देखि ४६ शब्द हुबहु लेखेमा २ र ३५ ओटा शब्द हुबहु लेखेमा मात्र १ अङ्क दिनुहोस् ।*

**३. शिक्षकले भनेका वाक्य सुनेर लेख्नुहोस् : (४)**

- *विद्यार्थीलाई प्रश्न ३ मा ध्यान दिन लगाउनुहोस् ।*
- *शिक्षकले भनेका वाक्य सुनेर उक्त वाक्य लेख्नुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*
- *दिइएका वाक्य २ पटकसम्म पढिदिनुहोस् र सुनेर लेख्न लगाउनुहोस् ।*

  ***शिक्षकले वाचन गर्नुपर्ने वाक्य :***

  ***१. साहित्यमा अभिव्यक्तिको माध्यम भाषा हो भने शैली प्रस्तुतिको तरिका हो ।***

  ***२. निबन्ध लेख्ने तरिका नै निबन्धको शैली हो ।***

  ***३. उपयुक्त प्रस्तुतिले लेखनलाई सुन्दरता प्रदान गर्नुका साथै रोचकता पनि प्रदान गर्छ ।***

  ***४. पढूँ पढूँ लाग्ने रचनाले मात्र पाठकको मन जित्न सक्छ ।***
- *विद्यार्थीले सबै वाक्य सुनेर शुद्ध लेखेमा प्रतिवाक्य १ अङ्कका दरले जम्मा ४ अङ्क दिनुहोस् । यदि कुनै शब्दको वर्णविन्यासमा अशुद्धि देखिएमा आनुपातिक हिसाबले अङ्क घटाई विद्यार्थीले पाउन सक्ने अङ्क दिनुहोस् ।*

**४. दिइएको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

स्वस्थ रहनका लागि हामीले नियमित योग, ध्यान र प्राणायाम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ । हामीले घरमा बनाइएका ताजा र स्वस्थकर खाना खानु स्वास्थ्यका दृष्टिले निकै राम्रो हुन्छ । हामीले मौसमअनुसारका खानेकुरा खानुपर्छ । हरिया सागसब्जी, ताजा फलफूलको नियमित सेवन गर्नु राम्रो हुन्छ । दुध, दही, मही, फलफूलको रस, मह खानाले हाम्रो शरीर स्वस्थ हुन्छ । आवश्यक मात्रामा कार्बोहाइड्रेट, प्रोटिन, मिनरल्स आदि पनि खानुपर्छ । स्वस्थ खाना खाइएन भने योग गर्न पनि कठिन हुन्छ । तसर्थ भोजन र स्वास्थ्यको घनिष्ठ सम्बन्ध छ ।

**प्रश्नहरू**

(क) शरीर स्वस्थ राख्न के गर्नु आवश्यक छ ?

(ख) हामीले किन मौसमअनुसारका खानेकुरा खानुपर्छ ?

(ग) कसरी भोजन र स्वास्थ्यको घनिष्ट सम्बन्ध छ ?

- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *यो प्रश्न पठनबोधको भएको र विद्यार्थीले दिइएको अनुच्छेद आफैँ पढेर सोधिएका प्रश्नको उत्तर दिनुपर्ने कुरा विद्यार्थीलाई स्पष्ट पारिदिनुहोस् ।*

- *प्रश्नमा भएको अनुच्छेदलाई मौन पठन गर्न भन्नुहोस् र अनुच्छेद पढिसकेको निश्चित गरी दिइएका प्रश्नको जबाफ दिन लगाउनुहोस् ।*
- *शिक्षकले अनुच्छेद र प्रश्न दुबै नपढिदिनुहोस् ।*
- *विद्यार्थीले लेखेका प्रत्येक सही उत्तरबापत १ अङ्कका दरले जम्मा ३ अङ्क दिनुहोस् ।*

***माथिका प्रश्नको उत्तर :***

***(क) हामीले शरीर स्वस्थ राख्न नियमित योग, ध्यान र प्राणायाम गर्नुका साथै हाम्रो दैनिक भोजनमा पनि सुधार गर्नु आवश्यक छ ।***

***(ख) हामी स्वस्थ रहन मौसमअनुसारका खानेकुरा खानुपर्छ ।***

***(ग) स्वस्थ भोजन खाए शरीर स्वस्थ हुने हुनाले भोजन र स्वास्थ्यको घनिष्ट सम्बन्ध छ ।***

**५. दिइएको चित्र अध्ययन गरी चित्रका बारेमा पाँच वाक्य लेख्नुहोस् : (५)**



- *विद्यार्थीलाई प्रश्न ५ मा ध्यान दिन लगाउनुहोस् ।*
- *चित्रमा भएका सूचनालाई ध्यान दिई पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।*
- *निर्दिष्ट चित्रबाट विद्यार्थीले ५ ओटा फरक फरक विषय समावेश गरेर उपयुक्त भाषिक शुद्धता, वाक्यगठन र वर्णविन्याससमेत मिलाई लेखेका फरक फरक वाक्यका लागि प्रत्येक वाक्यबापत १ अङ्कका दरले ५ अङ्क दिनुहोस् ।*

**६. दिइएको बधाईपत्र अध्ययन गरी तपाईंको पालिकाद्वारा आयोजित चित्रकला प्रतियोगितमा प्रथम हुने साथीलाई दिने बधाईपत्रको नमुना तयार गर्नुहोस् :** (३)

**हार्दिक बधाई**

जिल्ला समन्वय समिति, सोलुखुम्बुद्वारा आयोजित जिल्लास्तरीय गायन प्रतियोगितामा प्रथम स्थान हासिल गरी विद्यालयको गौरवसमेत बढाउनुभएको हुँदा कक्षा ८ की छात्रा तपाइँ श्री समीक्षा वाइबाज्यूलाई **हार्दिक बधाई** ज्ञापन गर्दछौँ ।

**श्री अरुणोदय माध्यमिक विद्यालय**

**पामे, सोलुखुम्बु ।**

- *दिइएको बधाईपत्र अध्ययन गर्न लगाउनुहोस् ।*
- *प्रश्नले निर्देश गरेबमोजिम दिइएको बधाईपत्रका आधारमा तपाइँको पालिकाद्वारा आयोजित चित्रकला प्रतियोगितामा प्रथम हुने साथीलाई दिने बधाईपत्रको नमुना तयार गर्न लगाउनुहोस् ।*
- *नमुनाअनुसार तोकिएको शीर्षकमा संरचना, विषयवस्तु र वर्णविन्यास मिलाएर लेखेमा ३ अङ्क दिनुहोस् ।*

**७. दिइएका बुँदाका आधारमा जीवनी लेख्नुहोस् :** (४)

**नाम** : फ्लोरेन्स नाइटिङ्गेल

**जन्म मिति** : सन् १८२० मे १५

**मातापिता** : फेनी स्मिथ नाइटिङ्गेल र विलियम नाइटिङ्गेल

**प्रमुख कार्य तथा योगदान**

- सन् १८४४ मा जर्मनीमा नर्स कोर्समा भर्ना भई अध्ययन
- महिलालाई नर्स कोर्सका बारेमा प्रशिक्षण
- किसियाको स्कुटारी अस्पतालमा युद्धमा घाइते भएका सिपाहीलाई निःस्वार्थ सेवा
- बिरामीद्वारा सम्मानित तथा नर्स पेसालाई मर्यादित बनाउने स्वास्थ्यकी देवी
- सेन्ट टमस नर्स ट्रेनिङ अस्पतालको स्थापना

**सम्मान तथा पुरस्कार**

- बेलायत सरकारद्वारा 'अर्डर अफ मेरिट' 'रोयल रेडक्रस' को उपाधि प्रदान
- इटली सरकारद्वारा उनको जन्मस्थललाई उनकै नामबाट नामकरण

**मृत्यु** : ९० वर्षको उमेरमा सन् २०१० देहावसान

- *जीवनी लेखनका लागि दिइएका बुँदा राम्ररी अध्ययन गर्न लगाउनुहोस् ।*
- *बुँदाका आधारमा छोटो जीवनी तयार गर्नुपर्ने कुरा जानकारी गराउनुहोस् र जीवनीको उपयुक्त शीर्षकसमेत राख्नुपर्ने कुरा जानकारी गराउनुहोस् ।*
- *जीवनीको संरचनामा रही भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) ख्याल गरी ४ अङ्क दिनुहोस् ।*

**८. 'इन्टरनेटको महत्त्व' शीर्षकमा १२० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् । (५)**

- *विद्यार्थीलाई प्रश्नमा दिइएको शीर्षक अध्ययन गर्न लगाउनुहोस् र विषयवस्तुमा आधारित रहेर निबन्ध लेख्नुपर्ने कुरा बताउनुहोस् ।*
- *निबन्ध कम्तीमा १२० शब्दको हुनुपर्ने सम्बन्धमा जानकारी दिनुहोस् ।*
- *निबन्ध विषयवस्तुमा केन्द्रित हुनुपर्ने कुरा बुझाउनुहोस् ।*
- *निबन्ध सफा र शुद्धसँग लेख्न लगाउनुहोस् ।*
- *निबन्धको संरचना, भाषिक शुद्धता (वर्णविन्यास, लेख्यचिह्न तथा पदसङ्गति) मिले नमिलेको पहिचान गरी विवेकपूर्ण ढङ्गले उपयुक्त मूल्याङ्कन गरी ५ अङ्क दिनुहोस् ।*

समाप्त